# गुलरिया नगरपालिका


## स्थानीय राजपत्र

खण्डः ३ गुलरिया मिति : वैशाख १६ गते, २०८१


## भाग - २

### गुलरिया नगरपालिका
### नगरकार्यपालिकाको कार्यालयको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८१।०१।१६ गते स्वीकृत गरि जारि गरिएको **कार्यविधि**/ नियामावलि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०८१ सालको कार्यविधि नं. १

बाल विवाह अन्त्यका लागि अन्तर धार्मिक सञ्जाल गुलरिया संचालन तथा व्यवस्थापन

## कार्यविधि, २०८१

**प्रस्तावना**

नेपालको संविधान २०७२, वालवालिका सम्वन्धि ऐन, २०७५ र बालबालिका सम्बन्धी नियामावली २०७८ र बाल बिवाह अन्त्यका लागि राष्ट्रिय रणनीतीका प्राबधानहरुलाई आत्मसाथ गरी अन्तरधार्मिक संजाल लाई बाल बिवाह बिरुद्ध कार्य गर्ने एउटा स्थायी सरकारी संयन्त्र गठन तथा परिचालन गरी बाल अधिकार संरक्षणको प्रमुख बाधकको रुपमा रहेको बाल विवाह अन्त्य गर्न बाञ्छानीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**आज्ञाले**
**ओमकार शाह**
**प्रमुख प्रशासकीय अधिकृत**

## परिच्छेदः १

## प्रारम्भिक

१. यो कार्यविधिको नाम “गुलरिया नगरपालिकामा बाल विवाह अन्त्यका लागि अन्तर धार्मिक सञ्जाल संचालन तथा व्यवस्थापन कार्यविधि” २०८१ रहनेछ ।

२. यो कार्यविधि गुलरिया नगरपालिकाको नगर कार्यपालिकाद्धारा पारित भएको मितिबाट लागु वा प्रारम्भ हुनेछ ।

## परिच्छेदः २

## परिभाषा

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “बाल बालिका” भन्नाले बालबालिका सम्वन्धि ऐन २०७५ बमोजिम १८ बर्ष उमेर पुरा नगरेको ब्यक्ति लाई सम्झनुपर्दछ ।

ख) “बालबिवाह” भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेर भन्दा अगाडि गरिने विवाहलाई सम्झनुपर्दछ ।

ग) “अन्तर धार्मिक सञ्जाल ” भन्नाले यस कार्यविधिको दफा ४ (१) बमोजिम गठन भएको सञ्जाल भन्ने बुझ्नु पर्छ ।

घ) “नगरपालिका भन्नाले ” भन्नाले गुलरिया नगरपालिकालाई सम्झनु पर्छ ।

ङ) “पालिका सदस्य भन्नाले गुलरिया नगरपालिकाको सदस्य भनि सम्झनु पर्छ ।

च) “नगर प्रमुख ” भन्नाले गुलरिया नगरपालिकाको नगर प्रमुखा लाई सम्झनु पर्छ ।

छ) “उपनगर प्रमुख भन्नाले” गुलरिया नगरपालिकाको उपनगर प्रमुखलाई सम्झनु पर्दछ।

ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गुलरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) सामाजिक संस्था भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका गैह्रसरकारी संस्थालाई बुझ्नुपर्दछ र सो शब्दले यस्तै प्रकृतीका अन्य गैह्रसरकारी संस्था समेतलाई बुझ्नुपर्दछ ।

ञ) बाल कल्याण अधिकारी भन्नाले भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ ।

ट) बाल अधिकार समिति भन्नाले स्थानीय बाल अधिकार समितीलाई सम्झनुपर्दछ ।

गुलरिया राजपत्र २०८१

# परिच्छेदः ३

## लक्ष्य तथा उद्देश्य

**१. लक्ष्यः-**

अन्तरधार्मिक संजाललाई बाल बिवाह न्युनिकरणका लागि एउटा स्थानीय सरकारको संयन्त्रको रुपमा स्थापना गरी गुलरिया नगरपालिकालाई बाल बिवाह मुक्त नगर बनाउनका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।

**२. उद्देश्यहरूः-**

क) बाल विवाह न्युनिकरणको सवालमा सम्बन्धीत सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गर्ने ।

ख) बाल विवाह विरुद्ध स्थानिय स्तरका समुह÷समितिहरुको सचेतिकरण र परिचालन गर्ने ।

ग) बाल विवाह विरुद्ध ब्यापक मात्रमा जनचेतना अभिबृद्धि गर्न मुलक कार्यक्रमहरु संचालन गर्ने तथा कानुनी कारवाहीको प्रक्रिया अगाडी वढाउने ।

घ) बाल विवाह विरुद्ध बहस तथा पैरवी गर्ने ।

ङ) हुन लागेका बाल बिवाहका घटनाहरुलाई बिभिन्न उपायहरु लगायर रोक्ने र त्यसको अभिलेखिकरण गर्ने ।

च) बाल बिवाह हुन लागेको थाह पाएमा स्थानीय बाल अधिकार समिती र प्रहरी लाई सो को जानकारी गोप्य रुपमा दिने ।

छ) बिशेष गरी बालिकाहरुको चाँडै र जबरजस्ती रुपमा बिवाह गरिदिने समाजको मुल्यमान्यता र चलनलाई ढिलो बिवाह र मर्यादित बिवाह गरी दिने मुल्यमान्यता र प्रचलनमा रुपान्तरणका लागि बिशेष भुमिका प्रदान गर्ने ।

ज) बाल विवाह मुक्त पालिका र वडाहरु बनाउन गाउँ पालिकालाई र वडाहरुलाई सहयोग गर्ने ।

झ) अन्तरधार्मिक संजालको संस्थागत बिकासमा टेवा पुरयाउँने ।

# परिच्छेदः ४

## अन्तर धार्मिक सञ्जालको गठन, वैठक र काम कर्तव्य अधिकार

**अन्तर धार्मिक सञ्जालको गठन प्रकृया**

**१. अन्तर धार्मिक सञ्जालको गठनः-**

गुलरिया नगर स्तरमा अन्तरधार्मिक संजाल देहाय बमोजिमको १३ सदस्सीय पदाधिकारी तथा सदस्य रहने गरी गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) धार्मिक अगुवाहरुबाट छनौट भएको व्यक्ति | — | संयोजक |
| ख) धर्म गुरुहरु वा धार्मिक समुदायका प्रतिनिधीहरु बाट छनौट भएका | — | ७ जना सदस्य |
| ग) बाल क्लब सञ्जालका प्रतिनिधि प्रतिनिधि (१/१ जना छात्रा/छात्र) | — | २ जना सदस्य |
| घ) स्थानिय प्रहरी कार्यालयको प्रतिनिधि | — | १ जना सदस्य |
| ङ) नगर शिक्षा शाखाले तोकेको मा.वि. तहको शिक्षक | — | १ जना सदस्य |
| च) महिला विकास शाखा प्रमुख | — | सदस्य सचिव |

यो सञ्जालको पदावधि ३ वर्षको रहनेछ प्रत्येक ३/३ वर्षमा सञ्जाको पुनर्गठन गरिनेछ, भने पदावधि वहाल भए/रहेकै अवस्थामा कुनै पद रिक्त हुन आएको अवस्थामा सञ्जालको बैठकले पदपुर्ति गर्न सक्नेछ ।

## २. अन्तर धार्मिक सञ्जालको बैठक

क. सञ्जालको बैठक सामान्यतयाः कम्तिमा महिनामा एक पटक संयोजकले तोकेको मिति समयमा बस्नेछ तर बैठक बस्न आवश्यक देखिएमा जति पटक पनि बस्न सक्नेछ । आवश्यता परे तत्काल बोलाउन पनि सक्नेछ ।

ख. संयोजकसँग सल्लाह गरि सदस्य—सचिवले सञ्जालको बैठक बस्नु भन्दा ७ दिन अगावै सबै सदस्यलाई बैठकको सूचना दिनु पर्नेछ ।

ग. सञ्जालको बैठकको अध्यक्षता संयोजकले गर्ने छन । संयोजक उपस्थित हुन नसकेमा संजालका पदाधिकारी तथा सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछन ।

घ. समितिको निर्णय सकेसम्म सर्वसम्मत रुपमा पारित गरिनेछ भने सर्वसम्मत हुन नसकेको अवस्थाा बहुमतबाट पारित गरिनेछ । सदस्य-सचिवले निर्णय प्रमाणित गरि अभिलेख राख्नुपर्ने छ ।

ङ. सञ्जालले गरेको गतिविधि लगायत प्रगति प्रतिवेदन चौमासिक रुपमा गुलरिया गाउँ पालिकाको कार्यालयमा पेश गरिनेछ ।

च. बैठकमा सल्लाह र सुझावको लागि विज्ञहरुलाई आमन्त्रण गरि सहभागि गराउन सकिनेछ ।

गुलरिया राजपत्र २०८१

### ३. सञ्जालको काम कर्तव्य र अधिकारः-

अन्यत्र व्यवस्था भएको अतिरिक्त, यस कार्यविधिमा सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) बाल बिवाह न्युनिकरणका लागि संजालको बार्षिक कार्ययोजना बनाई कार्यन्वयन गर्ने ।

ख) बाल बिवाह सम्बन्धमा धार्मिक कार्यक्रम, समारोह आदिमा बाल बिवाह सम्बन्धी प्रबचनहरुको आयोजना गर्ने ।

ग) धार्मिक स्थल जस्तै मन्दिर, मस्जिद, गुम्बा, चर्च आदीलाई बाल बिवाह बर्जित स्थलको रुपमा घोषणा गर्ने ।

घ) समुदाय स्तरमा बाल विवाह,चाँडै बिवाह र जबरजस्ती गरिने बिवाह बिरुद्ध ब्यापक सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

ङ) बाल बिवाह हुदै गरेको थाह पाएमा त्यस्तो बाल बिवाहलाई रोक्ने र ती घटनाहरुको अभिलेखिकरण गरी पालिकालाई बुझाउँने ।

च) बाल बिवाह सम्बन्धी समाजमा सकारात्मक सन्देश प्रबाह गरी गलत सामाजिक ब्यबहार र अभ्यासलाई अन्त्य गर्न उत्प्रेरकको भुमिका निर्वाह गर्ने ।

छ) बिवाहको कार्डमा अनिबार्य बेहुला र बेहुलीको उमेर खुलाउँने प्राबधानका लागि स्थानीय सरकारसँग वकालत तथा पैरवी गर्ने ।

ज) बाल बिवाह हुन लागेको कुनै पनि गतिबिधीमा संलग्न नहुने र त्यस्तो बिवाह लाई बहिस्कार गर्ने ।

झ) बाल विवाह सम्वन्धि सुचना लिने र विवाह रोक्नका लागि सहजीकरण गर्ने ।

ञ) बाल विवाहलाई प्रोत्साहित एवं बढावा दिने खालका गतिविधिहरु क्रियाकलापहरु लाई निरुत्साहित गर्न पहल तथा पैरवी गर्नु ।

ट) परम्परागत समुह समितिहरुलाई बाल अधिकार,बाल अधिकार संरक्षण तथा बाल विवाह विषयमा अभिमुखीकरण सचेतिकरण गराउनु ।

ठ) सञ्जालको प्रयास र पहलवाट हुन नसकेको वा हुन नसक्ने बाल विवाह सम्वन्धि घटनाहरुलाई समाधानार्थ सम्बन्धित निकायमा सम्प्रेषण गर्ने ।

ड) बाल विवाह सम्वन्धी तथ्यांक चुस्तदुरुस्त राख्ने र राख्न मद्यत गर्ने ।

ढ) घटना व्यवस्थापनको लागि कार्यदल गठन लगायत उपयुक्त कदम चाल्ने ।

ण) नगरपालिकाले दिएको आवश्यक निर्देशन पालना गर्ने ।

### ४. अन्तरधार्मिक संजालका पदाधिकारी र सदस्यहरुको योग्यताः-

क) नेपाली नागरिक भएको ।

ख) फौजदारी कसुर प्रमाणित नभएको ।

ग) बालबालिका र बाल अधिकार प्रबर्धनमा क्रियाशील भएको ।

घ) धार्मिक अगुवाको पहिंचान बनाएको ।

ङ) नगरपालिकाको स्थायि वासिन्दा हुनुपर्ने छ ।

## परिच्छेदः- ५

## वडा स्तरिय सञ्जालको गठन, काम, कर्तब्य र अधिकारः-

**१. अन्तर धार्मिक सञ्जालको गठन**

गुलरिया नगरपालिका अन्तरगत रहेका वडाहरुमा अन्तरधार्मिक संजाल देहाय बमोजिमको ९ सदस्सीय पदाधिकारी तथा सदस्य रहने गरी गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) धार्मिक अगुवाहरु मध्येबाट सर्बसम्मत ब्यक्ति | — | संयोजक |
| ख) धर्म गुरुहरु वा धार्मिक समुदायका प्रतिनिधीहरु बाट | — | ४ जना सदस्य |
| ग) बाल क्लब सञ्जालका प्रतिनिधि प्रतिनिधि (१/१ जना छात्रा/छात्र) | — | २ जना |
| घ) वडा समितिले तोकेको विद्यालयको प्रतिनिधि (प्र.अ.वा शिक्षक) | — | १ जना सदस्य |
| ङ) वडा सचिव | — | सदस्य सचिव |

(आवश्यकता वमोजिम अन्य सदस्यहरु आमन्त्रित गर्न सकिने छ ।)

वडा स्तरिय सञ्जाल गठनको लागि वडाले सम्बन्धीत क्षेत्रका व्यक्ति तथा समुदायका अगुवाहरुको भेला बोलाई सोही भेलावाट सञ्जालको गठन गर्ने छ वा मनोनयन गर्ने छ ।

**२. वडा स्ततरीय अन्तरधार्मिक सञ्जालको काम,कर्तव्य,र अधिकार**

क) बाल बिवाह न्युनिकरणका लागि वडा स्तरीय संजालको बार्षिक कार्ययोजना बनाई कार्यन्वयन गर्ने ।

ख) बाल बिवाह सम्बन्धमा धार्मिक कार्यक्रम,समारोह आदीमा बाल बिवाह सम्बन्धी प्रबचनहरुको आयोजना गर्ने ।

ग) धार्मिक स्थल जस्तै मन्दिर,मस्जिद,गुम्बा,चर्च आदीलाई बाल बिवाह बर्जित स्थलको रुपमा घोषणा गर्ने ।

घ) समुदाय स्तरमा बाल विवाह,चाँडै बिवाह र जबरजस्ती गरिने बिवाह बिरुद्ध ब्यापक सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

ङ) बाल बिवाह हुदै गरेको थाह पाएमा त्यस्तो बाल बिवाहलाई रोक्ने र ती घटनाहरुको अभिलेखिकरण गरी पालिकालाई बुझाउँने ।

च) बाल बिवाह सम्बन्धी समाजमा सकारात्मक सन्देश प्रबाह गरी गलत सामाजिक ब्यबहार र अभ्यासलाई अन्त्य गर्न उत्प्रेरकको भुमिका निर्वाह गर्ने ।

छ) बिवाहको कार्डमा अनिबार्य बेहुला र बेहुलीको उमेर खुलाउँने प्राबधानका लागि स्थानीय सरकारसँग वकालत तथा पैरवी गर्ने ।

ज) बाल बिवाह हुन लागेको कुनै पनि गतिबिधीमा संलग्न नहुने र त्यस्तो बिवाह लाई बहिस्कार गर्ने ।

झ) बाल विवाह सम्वन्धि सुचना लिने र विवाह रोक्नका लागि सहजीकरण गर्ने ।

ञ) बाल विवाहलाई प्रोत्साहित एवं बढावा दिने खालका गतिविधिहरु क्रियाकलापहरु लाई निरुत्साहित गर्न पहल तथा पैरवी गर्नु ।

ट) परम्परागत समुह समितिहरुलाई बाल अधिकार, बाल अधिकार संरक्षण तथा बाल विवाह विषयमा अभिमुखीकरण सचेतिकरण गराउनु ।

ठ) सञ्जालको प्रयास र पहलवाट हुन नसकेको वा हुन नसक्ने बाल विवाह सम्वन्धि घटनाहरुलाई समाधानार्थ सम्बन्धित निकायमा सम्प्रेषण गर्ने ।

ड) बाल विवाह सम्वन्धी तथ्यांक चुस्तदुरुस्त राख्ने र राख्न मद्यत गर्ने ।

ढ) घटना व्यवस्थापनको लागि कार्यदल गठन लगायत उपयुक्त कदम चाल्ने ।

ण) वडा कार्यालयले दिएको आवश्यक निर्देशन पालना गर्ने ।

गतिरा राप्पा २०८१

**३. अन्तरधार्मिक संजालका पदाधिकारी र सदस्यहरुको योग्यताः**

क) नेपाली नागरिक भएको ।

ख) फौजदारी कसुर प्रमाणित नभएको ।

ग) बालबालिका र बाल अधिकार प्रबर्धनमा क्रियाशील भएको ।

घ) धार्मिक अगुवाको पहिंचान बनाएको ।

ङ) सम्बन्धित वडाको स्थायि वासिन्दा ।

वडा स्तरीय अन्तरधार्मिक संजालको गठन र परिचालन सम्बन्धी छुट्टै कार्यबिधी जारी गरी कार्यन्वयन गर्न पनि सकिने छ ।

## परिच्छेदः- ६

## अन्तर धार्मिक संजालको कोष सम्बन्धी ब्यबस्थाः

अन्तरधार्मिक संजालको आफ्नो एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

क) स्थानीय सरकार वा पालिका बाट प्राप्त रकम ( बाल वाह न्युनिकरणका लागि अन्तरधार्मिक संजालको परिचालन र ब्यबस्थापन गर्न र बाल बिवाह बिरुद्ध कार्य गर्न पालिकाले बार्षिक रुपमा बजेट बिनियोजन गर्ने छ ।

ख) स्वदेशी ब्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम ।

ग) बिदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा ब्यक्तिबाट अनुदान रकम ।

घ) अन्य श्रोतबाट प्राप्त रकम ।

ङ) संजालको खाता नेपाल सरकाबाट मान्यता प्राप्त क बर्गको कुनै पनि बैंकमा खोल्न सकिने छ ।

च) संजालको खाता संजालका संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन गरिने छ ।

छ) कोषको सामाजिक परिक्षण तथा लेखा परिक्षण प्रत्येक वर्ष नियमानुसार गरिने छ ।

**४) संशोधन तथा खारेजः-**

गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले आवश्यकता वमोजिम यस कार्यविधि संशोधन तथा  खारेजी गर्न सक्नेछ ।

गुलरिया राजपत्र २०८१